# अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता प्रतिवेदन - २०१०
# नेपाल

सन् २००७ मा जारी अन्तरिम संविधानले धार्मिक स्वतन्त्रता प्रदान गरेको छस तर, धर्म परिवर्तन गराउन भने निषेध गरेको छ । संविधानसभाले नयाँ संविधान तयार गर्नुपर्ने म्याद सन् २०११ मेसम्मको लागि थपेको छ ।

यस प्रतिवेदनले समेटेको अवधिभर सरकारले सामान्यतः धार्मिक स्वतन्त्रताको सम्मान गरेको पाइन्छ । छिटफुट रुपमा एउटा धार्मिक समूहका क्रियाकलापमाथि भने हस्तक्षेप गरिएको पाइयो । अन्तरिम संविधानले आधिकारिक रुपमा देशलाई एक धर्मनिरपेक्ष राज्यका रुपमा घोषणा गरेको थियोस तर पनि राष्ट्र प्रमुखका हैसियतले राष्ट्रपतिले विगतमा राजाले गरेजस्तै हिन्दू धर्मअन्तर्गतका प्रमुख समारोहहरूमा सहभागिता जनाए । अल्पसङ्ख्यक धार्मिक समुदायका सदस्यले यदाकदा प्रहरीद्वारा सताइएको सिकायत गरेका थिएस सताइएका घटनाहरू राजनीतिक या धार्मिक कुन कारणका लागि भएका थिए भन्ने सधैं स्पष्ट थिएन । सरकारी निकायले खासगरी राजनीतिक अर्थ लाग्ने किसिमका तिब्बती समुदायका धार्मिक समारोहहरू हुन नदिएर त्यसमा सहभागी भएका केहीलाई पक्राउ पनि गरेको थियो । प्रायःजसो विशुद्ध धार्मिक भेला वा समारोहहरूमा उल्लेख्य रुपमा प्रहरीहरू उपस्थित हुने गरेका थिए । चीन सरकारको राजनीतिक दबाबमा परी एकजना लामा लगायतका तीनजना तिब्बती बौद्धमार्गीहरूलाई सन् २०१० जुनमा जबरजस्ती चीन फिर्ता पठाइयो ।

देशका धेरै धार्मिक समूहका अनुयायीहरू सामान्यतया शान्तिपूर्वक एकआपसमा मिलेर बसेका थिए र धार्मिक स्थलहरूको सम्मान गरिएको थियो । यद्यपि त्यहाँ धार्मिक आस्था वा अभ्यासका आधारमा सामाजिक दुर्व्यवहार र विभेद गरिएका समाचारहरू पनि प्राप्त भएका थिए । जसले धर्म परिवर्तन गर्थे उनीहरूले कहिलेकाहीँ हिंसाको सामना गर्नुपर्थ्यो र कहिलेकाहीँ सामाजिक रुपमा बहिष्कृतसमेत हुनुपर्थ्यो, तर सामान्यतया उनीहरू आफ्नो नयाँ धर्मका बारेमा खुलेर भन्न डराएनन् ।

अमेरिकी सरकारले धार्मिक स्वतन्त्रतालाई पनि मानव अधिकार प्रवर्द्धनका आफ्नो समग्र नीतिकै एक हिस्साका रुपमा नेपाल सरकारसँग छलफल गर्दछ । अमेरिकी दूतावासले हिन्दू, बौद्ध, इसाई, मुस्लिम, यदुदी, सिख तथा अन्य धर्मावलम्बी समूहरूसँग नियमित रुपमा सम्पर्क राख्ने गर्दछ ।

**खण्ड एक : धार्मिक जनसङ्ख्या**

देशको क्षेत्रफल ५४,३६३ वर्ग माइल र जनसङ्ख्या तीन करोड रहेको छ । सरकारी तथ्याङ्क अनुसार जनसङ्ख्याको करिब ८० प्रतिशत भाग हिन्दूहरूले ओगटेका छन् । बौद्धमार्गी ९ प्रतिशत, मुसलमान (जसमा सुन्नी/सुफीको बाहुल्य छ) ४ प्रतिशत र इसाईसहित अन्य धर्मका अनुयायी १ देखि ३ प्रतिशत छन् । अल्पसङ्ख्यक धार्मिक समूहहरू आफूहरूको उल्लेख्य सङ्ख्यालाई गणनाभित्र नपारिएको भन्नेमा विश्वास गर्छन् । नेशनल चर्चेस फेलोशिप अफ नेपालले काठमाडौंमा मात्रै करिब ४०० गिर्जाघरहरू सञ्चालनमा रहेको जनाएको थियो । जामिया मस्जिदका अधिकारीहरूका अनुसार यहा झण्डै ३,६०० मदरासाहरू छन् ।

**खण्ड दुई : धार्मिक स्वतन्त्रताको अवस्था**

**कानूनी/नीतिगत संरचना**

सन् २००७ मा जारी अन्तरिम संविधानले धार्मिक स्वतन्त्रता प्रदान गरेको छ; तर, धर्म परिवर्तन गराउन भने निषेध गरेको छ । सन् २००७ को अन्तरिम संविधानले आधिकारिक रुपमा देशलाई एक धर्मनिरपेक्ष राज्यका रुपमा घोषणा गरेको थियो ।

अन्तरिम संविधानले सन् १९९० को संविधानले प्रत्याभूत गरेको जातका आधारमा कुनै पनि नागरिकमाथि भेदभाव गरिने छैन भन्ने व्यवस्थालाई निरन्तरता दिएको छ । सन् २००२ मा तत्कालीन सरकारले देशमा दलित (विगतमा 'अछूत' भनिएका) हरूको अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै दलित समुदायको देश विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गराउने आशयले एउटा राष्ट्रिय दलित आयोग गठन गरेको थियो । स्थानीय विकास मन्त्रालयले राष्ट्रिय दलित आयोगलाई ७५ वटै जिल्लामा कार्यक्रम सञ्चालन गर्न तथा दैनिक प्रशासनिक खर्च चलाउनका लागि रकम विनियोजन गऱ्यो । आयोगका सबै जिल्लामा शाखा छन् । प्रत्येक जिल्लामा स्थानीय विकास अधिकारीले त्यहाँको आयोगको अध्यक्षता गर्छ । आयोगले दलितका मुद्दामा सहभागी भएका स्थानीय गैरसरकारी संस्थाहरूसँग पनि समन्वय गर्छ । आयोगले स्थानीय विकास मन्त्रालयलाई आफ्नो वार्षिक प्रगति विवरण बुझाउने गर्छ । आयोगले सञ्चालन गरेका सचेतना कार्यक्रमका अलावा पनि दलितले विभेदको सामना गरिरहनु पऱ्यो । स्थानीय गाउँले र हिन्दू पुजारीद्वारा दलितहरूमाथि धार्मिक संस्कार गर्न वा सांस्कृतिक र धार्मिक उत्सवहरूमा सहभागी हुनबाट प्रायः प्रतिबन्ध लगाइन्थ्यो ।

हिन्दू बहुसङ्ख्यकहरूलाई पक्षपात हुने खालका कुनै खास कानूनहरू थिएनन् । न त हिन्दूवादको अधिव्यक्तिलाई सरकारले नियन्त्रणमा नै राख्यो ।

सरकारद्वारा राष्ट्रिय विदाका रुपमा मान्यता प्राप्त धार्मिक विदाहरूमा महाशिवरात्री, फाल्गुन पूर्णिमा, कृष्ण अष्ठमी, दशैं, तिहार, माघी, छठ, ल्होसार (गुरुङ, तामाङ र शेर्पा समुदायले फरकफरक मितिमा मनाउने बौद्ध धर्मावलम्बीको नयाँ वर्ष), बुद्ध जयन्ती, ईद (ईद-अल-फितर), क्रिष्टमस, र उघौली (किराँत जनजाति/धार्मिक पर्व जसलाई राई र लिम्बू समुदायले मनाउँछन्) पर्दछन् ।

सरकारी कर्मचारीहरूलाई धार्मिक विदाहरू लिने अनुमति दिइयो र आफ्ना निजी घरजग्गामा विना सरकारी हस्तक्षेप मनाउन दिइयो ।

धार्मिक समूहहरूलाई दर्ता अनिवार्य छैन तर गैरसरकारी संस्थाहरूलाई कानूनी दर्ता अनिवार्य छ । इसाई, मुस्लिम र यहुदीका धार्मिक संस्थाहरूको कथन के रहने गरेको थियो भने दर्ता प्रक्रिया महत्वपूर्ण छ । किनभने दर्ता नभएसम्म तिनले गिर्जाघर, मस्जिद, यहुदी पूजास्थल अथवा चिहानगृह बनाउनका लागि जमिन किन्न र स्वामित्व लिन पाउँदैनन् । एउटा संस्था जसले यहुदी धर्मका अनुयायीहरू (प्रायः पर्यटक) का लागि धार्मिक सेवा र कोशर खाना (यहुदी कानूनअन्तर्गत तयार गरिएको खाना) उपलब्ध गराउँछ त्यसले आफू धार्मिक संस्थाको रूपमा कानूनतः दर्ता हुन नसकेको सिकायत गरेको थियो । तर सो संस्थाले कुनै बाधा अवरोध बिना धार्मिक सेवा र खाना प्रदान गरिरहेको थियो ।

धर्म परिवर्तन गराउने गतिविधि गैरकानूनी थियो । नेपालमा औपचारिक रुपमा मिसनरीहरू थिएनन्, तर यहाँ दशकौंदेखि मिसनरी अस्पतालहरू, कल्याणकारी संस्थाहरू र विद्यालयहरू सञ्चालित हुँदै आएका छन् । यी संस्थाहरूले धर्म परिवर्तन गराउने कार्य गरेनन् र सरकारी हस्तक्षेप बिना स्वतन्त्र रूपले काम गरे । माध्यमिक तहको शिक्षामा मिसनरी विद्यालयहरूको स्थान सम्मानजनक रहिआएको छ । सरकारी निकाय र व्यापारिक समुदायमा कार्यरत कतिपय शिक्षित, सम्भ्रान्त व्यक्ति जेजुइट माध्यमिक विद्यालयका सफल छात्रछात्रा हुन् ।

मिसनरी विद्यालय र अस्पतालमा काम गर्ने विदेशी कामदारहरूले नेपाल प्रवेश गर्दा स्थानीय संस्था अथवा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्राविधिक कामदारको प्रवेशाज्ञाको लागि सम्बन्धित विद्यालय र अस्पतालले जिम्मा लिई सिफारिस गर्ने गरेको पाइन्छ । सरकारले त्यस्ता अध्यागमन कानूनहरू लागू गरेको थियो जसअन्तर्गत यदि यस्ता विदेशी कामदारहरू धर्म परिवर्तनको गतिविधिमा संलग्न रहेको फेला पर्दा तिनीहरूलाई देश निकाला गरिन्थ्यो । यो प्रतिवेदन समीक्षाको अवधिसम्म देश निकाला गरिएका कुनै घटना थिएनन् । धेरैवटा विदेशी इसाई संस्थाले स्थानीय चर्चहरूसँग सिधा सम्पर्क कायम गर्दै पास्टरहरूलाई धार्मिक प्रशिक्षणका लागि विदेश पठाउने व्यवस्थाको प्रायोजन गर्थे ।

यद्यपि, सरकारी विद्यालयहरूले धर्मको पठनपाठन नगरे पनि अधिकांश विद्यालयका मैदानमा हिन्दू धर्मअन्तर्गत विद्याकी देवी सरस्वतीको मूर्ति राखिएको हुन्छ । केहीले देवीका लागि हिन्दू प्रार्थना गरेर दैनिक क्रियाकलाप सुरु गर्थे ।

सरकारले विभिन्न धार्मिक समूहबीच अन्तरधार्मिक समझदारी निर्माण गर्नेबारे कुनै औपचारिक नीति अख्तियार गरेको छैन । हिन्दू, बौद्ध, मुस्लिम, इसाई र बहाई समुदायका प्रतिनिधि रहेको अन्तरधार्मिक परिषद् नेपाल ( इन्टर-रिलिजियस काउन्सिल अफ नेपाल) नामक एक गैरसरकारी संस्था देशमा शान्तिको प्रवर्द्धनका लागि सक्रिय थियो ।

## धार्मिक स्वतन्त्रतामाथिका बन्देज

तिब्बतीमूलका बौद्धमार्गीहरूले आफ्ना कार्यक्रम सञ्चालन गर्दा अनेक प्रकारका बन्देज र प्रत्यक्ष हस्तक्षेपको सामना गर्नुपरेको थियो । यसक्रममा प्रायः त्रसित बनाउनेगरी प्रहरीको तैनाथी हुनेगर्दथ्यो । चिनियाँ सरकारले तिब्बती क्षेत्रहरूमा तिब्बती बौद्ध धर्मावलम्बीहरूलाई चिनियाँ नीतिहरू विरुद्ध विरोधहरू आयोजना गर्न नदिन र उनीहरूमाथि धार्मिक बन्देज लागू गर्न नेपाल सरकारलाई दवाब दिएको समाचार प्राप्त भएको थियो । स्थानीय निकायहरूले सामान्यतया तिब्बती धार्मिक पर्वहरू निजी ठाउँहरूमा मात्र मनाउन दिए । तिब्बती समुदाय माथि धम्कीहरू कायमै रहे तर सन् २००८ का विरोधहरूको तत्कालै पश्चात भएका धम्कीहरूभन्दा कम थिए । धार्मिक कार्यक्रमहरू लगायत अनेकौं तिब्बती भेलाहरू रद्द गरिए वा सीमित पारिए ।

सन् १९८९ डिसेम्बर ३१ पछि नेपाल आएका र जन्मेका तिब्बतीको कुनै कानूनी हैसियत छैन । त्यसकारण उनीहरू देशबाट निकालिने सम्भावनाबाट त्रसित छन् । । प्रतिवेदनले समेटेको अवधिभर प्रहरी र अन्य निकायले तिब्बती समुदायमाथि बारम्बार रूपमा दुर्व्यहार गर्ने र जबर्जस्ती चन्दा लिने कार्य गरिरहे । उल्लेख्य रूपमा जबर्जस्ती चन्दाको रकम बढ्यो र जबर्जस्ती चन्दा माग्ने घटना स्थानीय तहमा बढ्न थालेपछि पीडित तिब्बतीहरू व्यापार बन्द गर्न वा व्यवसायिक क्रियाकलाप छोड्न बाध्य भएका थिए ।

कानूनले धर्म परिवर्तन गराउने कार्यलाई बन्देज गरेको छ र त्यो दण्डनीय छ, जसमा आर्थिक दण्ड तिर्नुपर्ने, जेल भोग्नुपर्नेजस्ता सजाय पर्छन् । विदेशीको हकमा देशनिकाला हुनसक्छ । यद्यपि, व्यक्तिगत परिवर्तनलाई भने अनुमति दिइएको छ । यो प्रतिबन्ध गैरहिन्दू धार्मिक आस्थाको अभिव्यक्तिलाई सीमित गर्ने नियतको भनी केही इसाई र मुस्लिम समूहले चासो पनि देखाए । धर्म परिवर्तन गराउने कार्यमा संलग्न व्यक्ति तथा संस्थाविरुद्ध उजुरी गर्न गैरसरकारी संस्था र व्यक्तिहरूलाई अनुमति दिइयो र सरकारले त्यस्ता उजुरीको छानबिन गर्‍यो ।

सन् २००८ मा माओवादी नेतृत्वको सरकारले ठूलो, पुरानो र पवित्र मानिने हिन्दू मन्दिरहरूमध्येको एक पशुपतिनाथ मन्दिरमा भारतीय पुजारीका ठाउँमा दुईजना नेपाली पुजारीलाई नियुक्त गर्ने निर्णय सार्वजनिक

गऱ्यो । स्थानीय बासिन्दा र भण्डारी (पुजारी)हरूले सरकारलाई उक्त निर्णय फिर्ता लिन माग गर्दै त्यसको विरोध गरे । विवादका कारण त्यहाँ दुई तीन दिनसम्म कुनै धार्मिक कार्य हुन सकेन । सर्वोच्च अदालतले स्थगन आदेश दियो र सरकार निर्णयबाट पछि हट्यो । सन् २००९ सेप्टेम्बर ३ मा प्रधानमन्त्री माधवकुमार नेपालले पशुपति क्षेत्र विकास कोषका संरक्षकका हैसियतले मन्दिर रेखदेखका लागि दुईजना भारतीय पुजारीहरूलाई नियुक्त गरे । विवाद र सर्वोच्च अदालतको स्थगन आदेशका कारण ती पदहरू सात महिनासम्म रिक्त अवस्थामा थिए ।

मस्जिद त हैन, मदरसाहरूलाई चाहीँ स्थानीय जिल्ला प्रशासन कार्यालय (गृह मन्त्रालयकै अङ्ग) अन्तर्गत दर्ता गर्नुपर्ने हुन्थ्यो र उनीहरूको सञ्चालनको स्रोत पनि खुलाउनु पर्थ्यो । यो नीतिलाई भेदभावपूर्ण भन्दै केही मुस्लिम नेताले आलोचना गरे । तथापि, यो दर्ताको प्रावधानलाई व्यवहारमा भने लागू गरिएको थिएन । शिक्षा विभागका अनुसार ८१० मदरसाहरू जिल्ला शिक्षा कार्यालयअन्तर्गत कानूनी रूपमा दर्ता भएका छन् र जिल्ला शिक्षा कार्यालयले उनीहरूलाई वार्षिक रूपमा केही आर्थिक सहयोग पनि उपलब्ध गराउँछ । पचासजना सम्म विद्यार्थी भएका मदरसाहरू औपचारिक विद्यालयका रुपमा दर्ता भएका थिए । दर्ता भएका मदरसाहरूलाई सरकारले शिक्षकहरूको तलबका लागि भनेर वार्षिक लगभग ३४६ डलर (२६,००० रुपैयाँ) छुट्यायो । दर्ता भएका मदरसाहरूका लागि विभागले पाठ्यक्रम पनि तयार पारिदिएको थियो । मुस्लिमहरूलाई हजमा सहभागी हुनबाट रोकिएन तर सरकारले तीर्थयात्रीहरूलाई त्यहाँ जान अनुदान दिएन ।

संविधानले जातका आधारमा गरिने भेदभावलाई निषेध गरेको छ । तर पनि जातीय व्यवस्थाले समाजलाई गहिरोसँग प्रभावित पाऱ्यो । सरकारले जातीय भेदभावलाई गैरकानूनी भनी जोड दिएको छ र कतिपय स्थानमा कथित तल्लो जातका लागि मन्दिर प्रवेश सहज पनि भएको छ । तर पनि कतिपय हिन्दू मन्दिरमा अझै पनि भेदभाव गरेको पाइयो, जहाँ दलितलाई केही पुजारीले मन्दिर छिर्न दिएनन् ।

धार्मिक ग्रन्थहरूको किनबेच वा संग्रहमा कुनै प्रतिबन्ध थिएन ।

## धार्मिक स्वतन्त्रतामाथिका दुर्व्यवहार

सन् २०१० जुनमा चिनियाँ सरकारको राजनीतिक दवाबमा परी तीन तिब्बती बौद्ध धर्मावलम्बीहरूलाई जबर्जस्ती चीन फिर्ता पठाइयो । रिपोर्टिङ् अवधिभर स्थानीय अधिकारीहरूले धार्मिक स्वतन्त्रतामाथि बन्देज लगाउनका साथै तिब्बतमा धार्मिक कार्यक्रमहरू मनाउने र चिनियाँ नीतिहरूको विरोध गर्ने केही तिब्बती बौद्ध धर्मावलम्बीहरूलाई थुनामा राखे । सरकारी अधिकारीहरूले कतिपय तिब्बतीहरूलाई जुलाई ६ तारिख दलाई लामाको जन्मदिन मनाउन रोक लगाए । एक गैरसरकारी संस्थाका अनुसार सन् २००९ अक्टोबरमा चीन जनगणतन्त्रको स्थापनाको वार्षिकोत्सवका दिन चिनियाँ दूतावासको भिसा कार्यालय नजिक र अन्यत्र काठमाडौंमा विरोध गर्ने ७० जना तिब्बतीहरूलाई अधिकारीहरूले पक्राउ गरी थुनामा राखे । सोही गैरसरकारी संस्थाका अनुसार सन् २००९ जुलाई १४ मा प्रहरीले सन् २००८ मा तिब्बतमा भएका विरोध प्रदर्शन र हुलदङ्गा विरुद्धको विरोध प्रदर्शनलाई हस्तक्षेप गरी दर्जनौ तिब्बतीहरूलाई काठमाडौंमा अवस्थित संयुक्त राष्ट्र संघीय कार्यालय अगाडि हिरासतमा राखे । दलाई लामाको निर्वासनको वार्षिकोत्सव मनाउनका निम्ति मार्च १० का दिन पनि तिब्बतीहरूलाई भेला गर्नबाट रोक लगाइयो ।

## जबर्जस्ती धर्म परिवर्तन

जबर्जस्ती धर्म परिवर्तनका कुनै पनि घटना सुन्नमा आएनन् ।

## खण्ड तीन : धार्मिक स्वतन्त्रताप्रतिको सामाजिक सम्मानको अवस्था

मुलुकका विभिन्न धार्मिक समूहका सदस्यहरू सामान्यतया शान्तिपूर्वक मिलेर बसे र एकअर्काका पूजनीय स्थलहरूलाई सम्मान गर्दथे । यद्यपी, धार्मिक आबद्धता, आस्था, वा आचरणका आधारमा सामाजिक दुर्व्यवहार र भेदभावका घटनाहरू भएका समाचारहरू प्राप्त भए । हिन्दूहरूले देशभर रहेका बौद्ध स्तुपा र गुम्बालाई सम्मान गर्दथे भने बौद्धधर्मीहरूले पनि हिन्दू मन्दिरहरूलाई त्यस्तै मान गर्दथे । देशको दक्षिणी भागमा पर्ने लुम्बिनीस्थित बुद्धको जन्मस्थल एक महत्वपूर्ण तीर्थस्थल हो भने बुद्ध जयन्ती राष्ट्रिय बिदाका रुपमा रहेको छ ।

केही इसाई समूहका अनुसार देशलाई 'हिन्दू अधिराज्य' नभई 'धर्मनिरपेक्ष राज्य' भनी सन् २००६ को संसदीय घोषणापछि देशमा हिन्दू अतिवादी बढेका छन् । भारतको हिन्दू राजनीतिक पार्टी शिवसेनासँग आबद्ध स्थानीय रुपमा चिनिने पशुपतिसेना, शिवसेना नेपाल र नेपाल शिवसेना विशेष चिन्ताका रुपमा रहेका थिए । यो प्रतिवेदन तयार पार्दासम्म हिंसात्मक घटनामा यिनै समूहको हात रहेको आशङ्का थियो । सन् २००९ सेप्टेम्बर ७ मा दरबार हाई स्कूल बाहिर सन् २००८ मा भएको बम विस्फोटको सम्बन्धमा रणवीर सेनाका सर्वोच्च कमाण्डर विनोद कुमार पाण्डेलाई प्रहरीले विराटनगरमा पक्राउ गऱ्यो । हिन्दू अतिवादी संस्था रणवीर सेनाले विस्फोटको जिम्मेवारी लियो । कुनै मानव क्षति भएन ।

सन् २०१० मेमा एउटा हिन्दू समूहले कपिलवस्तु जिल्लाको राहतकोट गाउँमा पूजा गर्ने भनि चन्दा सङ्कलन गरे । त्यहाँका केही इसाई धर्मावलम्बीहरूले हिन्दू पूजाका लागि करिब ७ डलर (५०० नेपाली रुपैयाँ) प्रदान गर्न उनीहरू असमर्थ रहेको जनाए । केही रक्सीले मातिएका हिन्दूहरू मध्यरातमा सो गाउँका कम्तीमा दुई घरका ढोकाहरूमा बेस्सरी हाने र खलबल मच्चाए । त्यस लगत्तै उनीहरूले इसाई धर्मावलम्बी स्यामुएल चौधरी र उनका साथीहरू माथि कुटपिट गरे । त्यसको भोलिपल्ट उनीहरूले गाउँका अधिकारीहरूलाई सो घटनाको ध्यानाकर्षण गराए । तर अधिकारीहरूले सो घटनालाई सुल्झ्याउनुको सट्टा ती इसाई धर्मावलम्बीहरूलाई स्थानीय संस्कृति भङ्ग गरेको आरोप लगाए र तिनीहरू माथि फेरि कुटपिट भयो । सोही हिन्दू समूहले इसाई धर्मावलम्बी महिलाहरूलाई बोकेर मन्दिरमा लगी जबर्जस्ती उनीहरूको निधारमा टीका लगाइदिएको समाचारहरू पनि आएका थिए । अझ उनीहरूले गाउँमा माइक्रोफोन फुक्दै भने, "हामीले यहाँबाट सबै इसाई धर्मावलम्बीहरूलाई हटाउनेछौं ।" यी समस्याहरूलाई समाधान गर्नका लागि गाउँवासीहरू र प्रहरीसँग गरिएका शान्तिपूर्ण प्रयास र वार्ताहरू असफल भएका छन् ।

सन् २००९ मे २३ मा काठमाडौंको एक गिर्जाघरमा प्रेसर कुकर बम्ब विस्फोट हुँदा तीनजना धर्मावलम्बीको मृत्यु र १३ जना घाइते भएका थिए । गिर्जाघरभित्र बम्ब राखेको शङ्कामा सन् २००९ जुन २ मा प्रहरीले सिता थापा श्रेष्ठलाई पक्राउ गऱ्यो । सन् २००९ सेप्टेम्बर ८ मा सो आक्रमण आयोजना गरेको आरोपमा प्रहरीले अतिवादी समूह नेपाल डिफेन्स आर्मीका प्रमुख रामप्रसाद मैनालीलाई पक्राउ गऱ्यो । यस रिपोर्टिङ् अवधिको अन्त्यसम्ममा दुबैजना बेग्लाबेग्लै आरोपका लागि थुनामा राखिएका थिए । दुबैजना माथि यस मुद्दाको सिलसिलामा औपचारिक कार्वाही भने भएको छैन ।

केही नागरिक चाहिँ इसाईहरूले धर्म परिवर्तन गराएको र गराउन प्रेरित गरिररहेकोबारे चिन्तित थिए र देशमा इसाई धर्म फैलिएको चासोका साथ हेरिरहेका थिए ।

एउटा धर्मबाट अर्को धर्ममा जानेहरू, (बिशेषगरी हिन्दूबाट इस्लाम र इसाई हुनेहरू), बेला बेलामा सामाजिक रूपमा बहिस्कृत पनि भए । उनीहरूले कहिलेकाहीँ हिन्दू अतिवादीहरूबाट दुर्व्यवहार र भेदभावको सामना पनि गर्नुपऱ्यो । केहीलाई जबर्जस्ती गाउँ छाड्न लगाइएको पनि जानकारीमा आयो । यो भेदभाव व्यवस्थित थिएन,

तर कहिलेकाहीँ हिंसात्मक रुप भने लिन्थ्यो । यसका बाबजुद धर्म परिवर्तकहरू आफ्नो नयाँ धर्मका बारेमा खुलेर भन्न डराएनन् ।

अन्तरिम संविधानले निषेध गरेता पनि जातीय व्यवस्थाले हिन्दूवादमा दह्रो ऐतिहासिक जरा गाडेको छ भने यसले समाजलाई पनि बेस्सरी प्रभावित पारेको छ । दलितसँग विवाह गर्न चाहनेलाई रकम प्रदान गर्ने किसिमका बीच बीचमा हुने गरेका पहल लगायत दलित तथा अन्यको हकअधिकार रक्षाको लागि सरकारका विभिन्न प्रयासका बाबजुद कथित तल्लो जातिकाहरूप्रति चौतर्फी रूपमा सामाजिक भेदभाव कायमै रह्यो । तल्लो जातिकाले शिक्षा, रोजगारी र विवाहलगायत अन्य थुप्रै क्षेत्रमा भेदभाव महसुस गरे । अरु धार्मिक समुदायमा भने जातीय भेदभाव भएको पाइँदैन । हिन्दू नहुन सक्ने भएकाले दक्षिण एसियाली मूलका नदेखिने व्यक्तिहरूलाई कतिपय हिन्दू मन्दिरमा प्रवेश गर्न दिइएन । विशेषतः काठमाडौं उपत्यकामा राम्रो शिक्षादीक्षा र उच्चतम समृद्धिका कारण जातीय भेदभाव विस्तारै घट्दै गएको थियो भने न्यून आय भएका सामाजिक समूहहरूका लागि अवसरहरू पनि बढ्दै गएका थिए । सुशिक्षित र सहरोन्मुख वर्गले नियमित रूपमा राजनीतिमा वर्चस्व जमाएको थियो साथसाथै उच्च प्रशासनिक, प्राकृतिक स्रोतहरूको उपभोग र सैन्य तहमा पनि उनीहरूकै दबदबा थियो । अन्तरजातीय विवाहविरुद्धको प्रतिरोध उच्च रह्यो ।

## खण्ड चार : अमेरिकी सरकारको नीति

संयुक्त राज्य अमेरिकाको सरकारले धार्मिक स्वतन्त्रताको विषयलाई पनि नेपाल सरकारसँग मानवअधिकार प्रवर्द्धन गर्ने आफ्नो समग्र नीतिकै अङ्गका रूपमा छलफल गर्दछ । अमेरिकी राजदूतावासले हिन्दू, बौद्ध, मुस्लिम, इसाई, यहुदी, सिख तथा अन्य धार्मिक समूहसँग निरन्तर सम्पर्क राख्यो । राजदूतावासले धार्मिक स्वतन्त्रतालाई नजिकबाट अनुगमन गर्‍यो र आवश्यक पर्दा नेपाल सरकारसमक्ष आवाज पनि उठायो । राजदूतावासले तिब्बती बौद्धधर्मीहरूको शान्तिपूर्ण आन्दोलनप्रति सरकारले जनाएको भेदभावपूर्ण प्रतिक्रियाको पनि विरोध गर्‍यो ।